# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

खण्ड:३ संख्या:७

स्थानीय राजपत्रमा प्रकाशित मिति:२०७८/०४/२६

**नगरसभाबाट स्वीकृत मिति:२०७८/०४/२१**

**भाग १**

## देवचुली नगरपालिका लेखा समिति कार्यविधि २०७८

**प्रस्तावना :**

देवचुली नगरपालिकाको आर्थिक कारोबारलाई पारदर्शी,जवाफदेही, प्रतिस्पर्धी बनाई सम्पादित कामको गुणस्तरीयता कायम राख्दै उच्चतम नतिजा प्राप्त गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गठित लेखा समिति कार्यविधि २०७८ लाई नगर कार्यपालिकाको ७९ औं बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधीको नाम "देवचुली नगरपालिका लेखा समिति कार्यविधि २०७८" रहेको छ ।

(ख) यो कार्यबिधी देवचुली नगर कार्यपालिकाको बैठकबाट पारित तथा नगर प्रमुखबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखिदेवचुली नगरपालिका क्षेत्रमा लागु हुने छ ।

**परिभाषा :**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "ऐन " भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ संम्झनु पर्दछ ।

देवचुली नगरपालिका राजपत्र

ख) “कार्यविधि” भन्नाले देवचुली नगर कार्यपालिका अन्तरगत लेखा समिति सम्बन्धी कार्यविधी २०७८ सम्झनु पर्दछ ।

ग) “नगरपालिका” भन्नाले देवचुली नगरपालिकालाइ सम्झनु पर्दछ ।

घ) “प्रमुख” भन्नाले देवचुली नगरपालिकाको प्रमुखलाइ सम्झनु पर्दछ ।

ङ) “उप प्रमुख” भन्नाले देवचुली नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले देवचुली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

छ) “समिति” भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाइ सम्झनु पर्दछ ।

ज) “नगरसभा” भन्नाले देवचुली नगरपालिकाको नगर सभालाइ सम्झनु पर्दछ ।

झ)“संयोजक” भन्नाले समितिको संयोजकलाइ सम्झनु पर्दछ ।

ञ) “सदस्य” भन्नाले समितिको सदस्यलाइ सम्झनु पर्दछ ।

ट) “सदस्य सचिव” भन्नाले आन्तरिक लेखा परीक्षण शाखा प्रमुखलाइ सम्झनु पर्दछ र उक्त पद पूर्ति नभएसम्म सो शब्दले नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखलाइ जनाउने छ ।

ठ) “शाखा” भन्नाले देवचुली नगरपालिकामा रहेका विषयगत शाखालाइ सम्झनु पर्दछ ।

ड) “राजश्व” भन्नाले नगरपालिकाले कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महशुल र सो वापतको जरिवानालाई जनाउँछ । सो शब्दले जनसहभागिता वापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान वापत प्राप्त रकमलाई समेत जनाउँछ ।

ढ) “वार्षिक बजेट” भन्नाले नगरपालिकाको निसर्त, सशर्त, वित्तिय समानिकरण अनुदान र आन्तरिक आयलाई समेत सम्झनु पर्दछ ।

ण) “वार्षिक बजेट तथा कार्यक्रम” भन्नाले कार्यक्रमका शीर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई सम्झनु पर्दछ ।

त) “बेरुजु” भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न नभएर फरक पर्न गएको अवस्थालाई सम्झनु पर्दछ ।

थ) “आर्थिक अनियमितता” भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउँछ ।

द) “लेखापरीक्षण” भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम संगत छ छैन भनेर गरिने परीक्षण सम्झनु पर्दछ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद - २
## लेखा समिति गठन

**लेखासमितिको गठन देहाय बमोजिम हुनेछ ।**

(क) नगरपालिकाको शासन व्यवस्थापनलाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तिय सुशासन कायम गराउने प्रमुख उद्देश्यका साथ नगर सभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिनेछ ।

अ) नगर सभाले तोकेको नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना - संयोजक
आ) नगर सभाको सदस्य मध्येबाट (दुई महिला सहित) चार जना - सदस्य

(ख) नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवको रुपमा काम गर्नेछ

(ग) समितिको बैठकमा समितिका संयोजकले नगर कार्यपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र नगरपालिकाका शाखा प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ ।

## परिच्छेद -३
## समितिको कार्यक्षेत्र

देवचुली नगरपालिकाको आठौं नगरसभाबाट गठित लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. देवचुली नगरपालिकामा वित्तीय सुशासन कायम गरी नियमितता,मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य पुष्टि हुने गरी लेखा प्रशासन संचालन गर्न/गराउन आवश्यक नीति, योजना,कार्यक्रम मस्यौदा तयार गर्ने ।

२. देवचुली नगरपालिकाको खर्चलाइ अधिकतम उपलब्धीमुलक बनाइ जनउत्तरदायी खर्च प्रणाली र पारदर्शीता कायम गर्न सीफारिस गर्ने ।

३. स्वीकृत बजेटको परिधिभित्र रही कानून बमोजिम खर्च गर्ने प्रशासनिक प्रणालीलाइ सुदृढ बनाउने । प्रचलित कानून बमोजिम रहने स्थानीय संचित कोष, आकस्मिक कोषको व्यवस्थापनमा सहयोग गर्ने ।

४. देवचुली नगरपालिका तथा वडा कार्यालयहरुको खर्च व्यवस्थापनलाइ कानून बमोजिम पारदर्शी ढंगले परिचालन भए नभएको नियमित अनुगमन तथा निरीक्षण गरी आवश्यक सुधारको लागि राय तथा परामर्श दिने ।

५. देवचुली नगरपालिकाको बित्तीय काम कारवाहीका सम्बन्धमा आवश्यक अध्ययन गरी सुधारको लागि सुझाव दिने ।

६. महालेखा परीक्षकको कार्यालयले औंल्याएका सवै बेरुजु र आर्थिक अनुशासन सम्बन्धी सुझावहरुको पूर्णरुपमा कार्यान्वयन गर्ने गराउने ।

७. स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० अन्तरगत तोकिएको व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक सल्लाह दिने ।

देवचुली नगरपालिका राजपत्र

८. समितिले आफ्नो काम कारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पेश गरी आवश्यकताको आधारमा कार्यपालिकाको बैठकमा पेश गर्ने र निर्णयको कार्यान्वयन गर्न सहयोग गर्ने ।

९. नगरपालिका वा स्थानीय उपभोक्ताले सम्पन्न गरेका आयोजनाहरुको सम्बन्धमा गुणस्तरीयता, परिमाण, लगायतका विषयमा प्रश्न उठेमा सो को अनुगमन गरी आवश्यक सल्लाह र सुझाव दिने ।

१०. आवश्यकता अनुसार समितिले विषय विज्ञको राय, सुझाब लिन सक्ने छ र विषय विज्ञको पारिश्रमिक नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

११. नगर कार्यपालिकाले तोकेका अन्य जिम्मेवारीहरु वहन गर्ने ।

## परिच्छेद - ४
## लेखासमितिको बैठक सम्बन्धी व्यवस्था र सुविधा :

(१). समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२). लेखा समितिको बैठकमा भाग लिए वापत लेखा समितिका सदस्य र आमन्त्रित पदाधिकारीले कार्यपालिकाका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछन् ।

(३). लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई नगर कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गराउनु पर्नेछ ।

(४). लेखा समितिले प्रत्येक ३/३ महिनामा आफूले गरेको कामको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा पेश गर्ने छ । नगर कार्यपालिकाले आवश्यकता अनुसार नगर सभामा सो प्रतिवेदन उपर छलफल गराउन सक्ने छ ।

## परिच्छेद - ५
## लेखा समितिका आचार संहिता

लेखा समितिका आचारसंहिताहरु निम्नानुसार रहनेछ ।

(१). स्थानीय सरकार सञ्चालन ऐनको मान्यता सिद्धान्त विपरीत सार्वजनिक वक्तव्य दिन नहुने ।

(२). स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरीत हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने ।

(३). नगरवासीहरुप्रतिको उत्तरदायित्वलाई अस्विकार गर्न नहुने ।

नेचुली नगरपालिका राजपत्र

(४). नगरपालिका र साझेदार संघ संस्थाहरुसँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित विषयमा अनुसन्धानमुलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

(५). नगरपालिकाका साधन श्रोतको दुरुपयोग गर्न नहुने ।

(६). प्रचलित ऐन, नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने ।

(७). राजनीतिक आस्था एंव सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने ।

(८). कार्यजिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने ।

(९). कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने ।

(१०). विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने ।

## परिच्छेद - ६
## खारेजी र बचाउ

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाबाट निर्णय भए बमोजिम हुनेछ ।

(ख) लेखा समितिको कार्यका सम्वन्धमा संघीय सरकार, प्रदेश सरकारले अन्य कुनै व्यवस्था गरेमा सोही बमोजिम हुनेछ, त्यसरी वनेको कार्यविधि यस कार्यविधिसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ ।

(ग) यो कार्यविधि संशोधन वा यसमा उल्लेख भएको कुनै व्यवस्था खारेजी गर्नु परेमा नगर नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

**आज्ञाले**
**गोविन्द सिग्देल**
**प्रमुख प्रशासकीय अधिकृत**

देवचुली नगरपालिका राजपत्र